आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१

आमाछोदिङमो गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गोल्जुङबेशी, रसुवा

२०८१

आधारभूत अस्पताल सञ्चालन कार्यविधि,२०८१

कार्यपालिकाबाट पारित मितिः २०८१।०८।२८

प्रमाणीकरण मितिः २०८१।०८।२८

स्थानिय राजपत्रमा प्रकाशन मितिः २०८१।०८।३०

प्रस्तावनाः आमाछोदिङमो गाउँपालिका भित्र स्वास्थ्य सेवाबाट कुनैपनि नागरिक बञ्चित हुने अवस्था आउन नदिन, उपलब्ध स्रोत र साधनको समुचित प्रयोग गर्दै नेपालको संविधानले स्थानीय तहलाई प्रत्याभूत गरेको स्वास्थ्य सम्बन्धी अधिकारलाई कार्यान्वयन गर्न, गाउँपालिकाथाट उपलब्ध हुने आधारभूत स्वास्थ्य सेवालाई सहज, प्रभावकारी, व्यवस्थित र गुणस्तरीय बनाउन गाउँपालिकाले स्थापना गरेको आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार निर्धारण गर्न वाञ्छनीय भएकोले गाउँ कार्यपालिकाले यो कार्यविधि जनाएको छ ।

परिच्छेद-१
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क) यो कार्यविधिको नाम " आमाछोदिङमो गाउँपालिकाको , आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ रहेको छ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भएको मितिदेखि लागु हुनेछ।

२. परिभाषाः विषय का प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "अस्पताल" भन्नाले आमाछोदिङमो गाउँपालिकाले संचालन गरेको आधारभूत अस्पताललाई सम्झनुपर्छ ।

ख) "अध्यक्ष" भन्नाले अस्पताल सञ्चालन तथा व्यबस्थापन समितिको अध्यक्ष सम्झनु पर्छ ।

ग) "अस्पताल प्रमुख" भन्नाले अस्पतालमा कार्यरत चिकित्सकहरु मध्ये सबैभन्दा जेष्ठ कर्मचारी सम्झनु पर्छ ।

घ) "कार्यपालिका" भन्नाले आमाछोदिङमो गाउँपालिका गाउँ कार्यपालिका सम्झनु पर्छ ।

ङ) "कार्यविधि" भन्नाले , आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१

सम्झनु पर्छ ।

च) "संयोजक" भन्नाले स्थायी कर्मचारीमध्येबाट समितिले गाउँपालिका र अन्य निकायसँग समन्वय, पत्राचार आदि कार्य गर्न तोकेको व्यक्ति सम्झनु पर्छ ।

छ) "चिकित्सक तथा स्वास्थ्यकर्मी" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्न प्रचलित कानून वमोजिम सम्बन्धित परिषदवाट अनुमति प्राप्त व्यक्ति सम्झानु पर्छ ।

ज) "गाउँपालिका" भन्नाले आमाछोदिङमो गाउँपालिका सम्झनु पर्छ ।

झ) "गाउँपालिका क्षेत्र" भन्नाले आमाछोदिङमो गाउँपालिकाको भू-भाग सम्झनु पर्छ ।

ञ) "पदाधिकारी" भन्नाले व्यवस्थापन समिति अध्यक्ष, सदस्य सचिव र सदस्य लगायतका पदाधिकारी सम्झनु पर्छ

ट) समिति" भन्नाले दफा ३ बमोजिम गहित आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्छ

ठ) "शाखा" भन्नाले आमाछोदिङमो गाउँ कार्यपालिकाको स्वास्थ्य शाखा सम्झनु पर्छ ।

ड) "जनशक्ति" भन्नाले आधारभूत अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य कर्मचारी सम्झनु पर्छ

ढ) "गाउँसभा" भन्नाले आमाछोदिङमो गाउँपालिकाको गाउँसभा सम्झानु पर्छ ।

परिच्छेद-२

अस्पताल व्यवस्थापन समितिको गठन तथा सञ्चालन

३. समितिको गठनः

१) अस्पतालको संचालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको एक समिति हुनेछ ।

क) गाउँपालिका अध्यक्षः	अध्यक्ष
ख) प्रमुख प्रशासकीय अधिकृतः	सदस्य
ग) अस्पताल रहेको बडाको अध्यक्षः	सदस्य
घ) गाउँ कार्यपालिकाको स्वास्थ्य शाखा प्रमुखः	सदस्य
ङ) अस्पताल प्रमुखः	सदस्य सचिव

२) समितिले आवश्यकता अनुसार स्वास्थ्य क्षेवका विषय विज्ञ, इन्जिनियर जनप्रतिनिधि तथा कर्मचारीलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

४. पदावधिः

समितिका पदाधिकारीहरुको पदावधि नियुक्ति भएको मितिले पाँच वर्षको हुनेछ । तर, पदाधिकारीको पदावधि बाँकी रहँदै स्थानीय तहको निर्वाचन सम्पन्न भएमा पदावधि स्वतः समाप्त हुनेछ ।

५. पदावधि रिक्त हुनेः निम्न अवस्थामा मनोनित सदस्यहरुको पद रिक्त हुनेछः

क) मृत्यु भएमा,

ख) राजिनामा दिएमा,

ग) बिना सूचना लगातार तिन पटक समितिको बैठकमा अनुपस्थित भएमा,

घ) फौजदारी अभियोग प्रमाणित भएमा,

ङ) स्वास्थ्य संस्थाको अहित हुने काम गरेको प्रमाणित भएमा ।

६.**काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) नेपाल सरकारवाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा प्रवाह र न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने ।

ख) अस्पतालचाट गुणस्तरीय, प्रभावकारी एवम् दीगो सेवा प्रवाहको लागि स्वास्थ्यको उन्नती र विकासको सन्दर्भमा आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा र निर्णय गरी कार्यान्वयन गर्ने, गराउने ।

ग) अस्पतालको नियमित सञ्चालन र व्यवस्थापनको लागि आवश्यक स्रोत साधन जुटाउन पहल गर्ने, बार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने ।

आधारभूत अस्पताल सञ्चालन कार्यविधि,२०८१

घ) अस्पतालबाट प्रवाह भाएका सेवाहरुको नियमित अनुगमन र समीक्षा गरी सेवाको निरन्तर रुपमा गुणस्तर अभिवृद्धि गर्न आवश्यक निर्णय लिने ।

ङ) स्वास्थ्य सेवा तथा सुविधा सम्बन्धी राष्ट्रिय मापदण्ड कार्यान्वयनको सुनिश्चितताको लागि आवश्यक प्रवन्ध मिलाउने ।

च) अस्पतालमा कार्यरत जनशक्तिको उपलब्धता, क्षमता विकास एवम् वृत्ति विकासको लागि आवश्यक कार्य गर्ने । अस्पतालको जनशक्तिको सेबा, शर्त, पारिश्रमिक र अन्य सुविधाहरुका सम्वन्धमा कार्यपालिकालाई सिफारिस गर्ने ।

छ) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सवाको पहुँच र उपलब्धता सुनिश्चित गराउनका लागि आवश्यक मानव स्रोत व्यवस्थापन सम्वन्धी कार्य गर्ने तथा स्वास्थ्य प्रदायक र स्वास्थ्यकर्मीहरुलाई सहज रुपमा कार्य गर्न अनुकूल तथा सुरक्षित बातावरण सूजना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने ।

ज) स्वास्थ्य सेवाको पहुँचवाट बञ्जित स्थानीय समुदायलाई स्वास्थ्य सेवा पहुँचको सुनिश्चितता गर्न आवश्यक कार्यहरु गर्ने ।

झ) भूगोल, अल्पसंख्यक, आदिबासी जनजाति, जेष्ठ नागरिक, विपन्न वर्ग, अपाङ्गता भएका, बालबालिका, किशोर किशोरी, बालबालिका,महिला समुह समेतलाई मध्यनजर राखी अस्पतालको प्राथमिकता र योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।

ञ) स्वास्थ्य बिमा कार्यक्रम, खोप कार्यक्रम, वालस्वास्थ्य तथा मातृशिशु सुरक्षा कार्यक्रम जस्ता राष्ट्रिय अभियान तथा कार्यक्रमहरुको कार्यान्वयनको आवश्यकताको प्रवन्ध मिलाउने ।

ट) अति विपन्न, असहाय तथा अपाङ्गता भएका व्यक्तिहरुलाई निःशुल्क वा सहुलियतपूर्ण स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक प्रवन्ध मिलाउने ।

ठ) अस्पतालको भौतिक सम्पत्तिको एकिन तथ्याङ्क अध्यावधिक गर्न एवम् सम्पत्तिको संरक्षण तथा मर्मत संभारको व्यवस्थापन गर्ने ।

ड) अस्पतालबाट दिइने सेवाको लक्ष्य अनुसार प्रगति भए नभएको अनुगमन गर्ने ।

ढ) भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने ।

ण) स्वास्थ्य सेवामा सुशासन, जन सहभागिता र सामाजिक जाफदेहिता सुनिश्चित गरी सेवाग्राहीमैत्री स्वास्थ्य सेवालाई सुदृढीकरण गर्न सहयोग तथा सहजीकरण गर्ने ।

त) विद्युतीय स्वास्थ्यको अवधारणा कार्यान्वयनका लागि गाउँपालिका अन्तर्गतका सामाजिक विकास समिति र स्वास्थ्य शाखासँग आवस्यक समन्वय गर्ने ।

थ) अघिल्लो बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको स्थितिबारे पुनराबलोकन गरी जनस्वास्थ्यका कार्यक्रम तथा स्वास्थ्य सेवा सञ्चालन आदिमा आएका समस्या समाधान गर्न पहल गर्ने र समाधान हुन नसकेका समस्याहरु समाधानका लागि गाउँपालिका तथा सम्बन्धित निकायलाई पठाउने ।

द) अस्पतालले लिने सेवा शुल्क निर्धारण गर्नका लागि कार्यपालिकालाई सिफारिस गर्ने ।

ध) अस्पतालको विकासका लागि आर्थिक तथा अन्य सहयोग जुटाउन सम्वन्धित निकायहरुसंग आवश्यक समन्वय र सहकार्य गर्ने ।

न) अस्पताल सञ्चालनका लागि गाउँपालिकाले दिएका निर्देशनहरु र स्वीकृत कार्यकमको कार्यान्वयन गर्ने, गराउने । अस्पतालबाट सेवा प्रवाहको क्रममा आएका गुनासोहरुको उचित सम्वोधन र व्यवस्थापन गर्ने ।

प) अस्पतालको मासिक प्रगति प्रतिवेदन हरेक महिना एच.एम.आइ.एस. अनुसार तयार गरी डि.एच.आई.एस.२ मा तथ्यङ्क प्रविष्ट गर्ने ।

फ) नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, जनस्वास्थ्य सेवा ऐन, स्थानीय स्वास्थ्य ऐन लगायत प्रचलित कानून र नीतिवमोजिम स्वास्थ्य सम्बन्धी स्थानीय तहको एकल तथा साझा अधिकारहरु कार्यान्वयनका लागि व्यवस्थापन, समन्वय र सहयोग गर्ने ।

ब)संघ प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्वन्धी कार्यक्रम तथा अभियानहरु सजालन गर्ने ।

भ) गाउँपालिकाले तोके बमोजिमका अन्य कार्यहरु गर्ने ।

७. समितिको बैठक र सञ्चालन विधिः

१) समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले कम्तिमा तिन महिनाको एक पटक समितिको बैठक बोलाउनु पर्नेछ । तर, आवश्यकता अनुसार जुनसुकै अवस्थामा पनि बैठक बस्न सक्नेछ ।

२) समितिका सदस्यहरुको बहुमतको उपस्थितिमा भएका बैठकको गणपुरक संख्या पुगेको मानिनेछ ।

३) समितिको निर्णय उपस्थित सदस्यहरुको बहुमतबाट हुनेछ । कुनै विषयमा मत विभाजन भई बराबर भएमा अध्यक्षले निर्णायक मत दिन पाउनेछन् । तर, आमन्त्रित सदस्यले मतदानमा भाग लिन पाउने छैनन् ।

४) समितिको अध्यक्षको अध्यक्षतामा बैठक संचालन हुनेछ ।

५) बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ ।

६) समितिको बैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

परिच्छद-३

कोष तथा लेखा परीक्षण

८. अस्पतालको कोषः

१) अस्पताल संचालन तथा व्यवस्थापन समितिको नाममा छुट्टै कोष रहनेछ ।

२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् र संस्थाको खर्च सो कोषबाट व्यहोरिनेछ ।

क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम ।

ख) गाउँपालिकावाट प्राप्त रकम ।

घ) कुनै व्यक्ति, स्वदेशी विदेशी दाता, गुठी वा संस्थाबाट प्राप्त रकम ।

आधारभूत अस्पताल सञ्चालन कार्यविधि २०८१

ग) व्यबस्थापन समितिको पहलबाट प्राप्त रकम ।

ङ) अस्पतालले सचालन गरेको सेवा वापत प्राप्त रकम ।

च) वैदेशिक अनुदान, संघ संस्था वा व्यक्तिबाट प्राप्त अनुदान वा सहयोग रकम ।

छ) अन्य स्रोतबाट प्राप्त रकम ।

३) उपनियम (२) को खण्ड (छ) बमोजिमको रकम प्राप्त गर्नु अगाडि प्रचलित कानून बमोजिम स्वीकृत लिनुपर्नेछ ।

४) अस्पताललाई प्राप्त हुने सबै प्रकारका आम्दानी उपदफा (१) बमोजिमको कोष खातामा जम्मा गर्नुपर्नेछ ।

५) समितिको तर्फवाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोष वाट हुनेछ ।

६) समितिले अस्पतालको नियमित स्वास्थ्य सेवा प्रवाह र जनस्वास्थ्यका प्रचलित मापदण्ड एवम् मूल्य मान्यता प्रतिकूल नहुने कुराको सुनिचित गरी आन्तरिक स्रोत साधन व्यवस्थापन गर्न अस्पतालको भौतिक सम्पत्तिको उपयोग गर्न सक्नेछ ।

९. कोष तथा खाता सञ्चालनः

१) समिति र अस्पतालको आयव्यय दुरुस्त राख्न अस्पताल प्रमुख र अस्पतालको आर्थिक प्रशासन प्रमुखको सयुक्त दस्तखतबाट खाता संचालन हुनेछ । उक्त पदहरु रिक्त भएमा वा स्थायी जनशक्ती उपलब्ध नभएमा गाउँपालिकाको प्रशासकीय प्रमुख र लेखा शाखा प्रमुखको को संयुक्त दस्तखतबाट खाता संचालन हुनेछ ।

२) अस्पतालको आयव्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम हुनेछ ।

३) कोषको खाता सचालन समितिले निर्णय गरे बमोजिम सरकारी कारोवार गर्न स्वीकृति प्राप्त बैंक तथा वित्तिय संस्थामा हुनेछ । साथै सो खाता प्रचलित कानून बमोजिम सञ्चालन हुनेछ ।

४) अस्पतालको आर्थिक कारोवारको उत्तरदायित्व, जिम्मेवारी र जाफदेहिता आर्थिक कारोवारको निर्णयकर्ता र सम्बन्धित खाता संचालन गर्ने अधिकार प्राप्त कर्मचारीको हुनेछ ।

५) अस्पतालको आम्दानी र खर्चको अभिलेख, आम्दानी र खर्च सम्बन्धी कार्यविधि, लेखाको अभिलेखको सिद्धान्त, आर्थिक विवरण तयारी, सम्पत्तिको अभिलेख तथा जिन्सी व्यवस्थापन, आयव्यय तथा सम्पत्तिको विवरण तयारी, आन्तरिक लेखापरीक्षणको सिद्धान्त, बेरुजु अभिलेख, बेरुजु फछ्यौट लगायतका विषयहरु प्रचलित आर्थिक कार्यविधि सम्वन्धी कानून वमोजिम हुनेछ ।

६) अस्पताललाई आवश्यक पर्ने निर्माण, मालसामान, परामर्श सेवा र अन्य सेवाको खरिद सम्बन्धी व्यवस्था र खरिद प्रकिया सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजिनिक खरिद नियमावली बमोजिम हुनेछ ।

१०. लेखा परीक्षणः

१) समितिले तोकिए बमोजिम अस्पतालको आयव्ययको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नेछ ।

आधारभूत अस्पताल सञ्चालन कार्यविधि,२०८१

२) आन्तरिक लेखा परीक्षण गाउँपालिकाको आन्तरिक लेखा परीक्षण शाखाबाट हुनेछ ।

३) समितिको अन्तिम लेखा परीक्षण गाउँपालिकाको श्रेस्ता सँगै महालेखा परीक्षक वा निजले तोकेको लेखा परीक्षकबाट हुनेछ ।

११. बैठक भत्ताः समितिका सदस्यहरुको बैठक भत्ता तथा बैठक सम्बन्धी अन्य खर्च गाउँपालिकाको आर्थिक नियमावलीको दफा ८ वमोजिम कोषवाट व्यहोरिनेछ ।

१२. सेवा शुल्क सम्बन्धी व्यवस्थाः अस्पतालबाट प्रदान गरिने सेवाको आवश्यक शुल्क समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ। तर, निःशुल्क भनि तोकिएका सेवा शुल्क लिन पाइने छैन।

परिच्छेद-४

जनशक्ति, औषधि तथा उपकरणको व्यवस्थापन

१३. जनशक्ति व्यवस्थापनः

१) अस्पतालमा नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले अनुसारको देहाय बमोजिमका जनशक्ति रहनेछन्:

क) स्थायी नेपाल सरकारको स्वास्थ्य सेवाकट समायोजन भई आएका स्वास्थ्य जनशक्ति र लोक सेवा आयोगबाट पदपूर्ति हुने स्थायी जनशक्ति

ख) करार- करार सेवामा भर्ना गरिएका जनशक्ति

ग) अभ्यासकर्ता छात्रवृत्ति प्राप्त गरी अध्ययनरत विद्यार्थीहरुले अनिवार्य सेवा गर्नुपर्ने जनशक्ति तथा पूर्ण वा श्रांगिक रुपमा गाउँपालिकाको सहयोग प्राप्त गरी छात्रवृत्तिमा अध्ययन गरेको विद्यार्थी

घ) विषय विज्ञको रुपमा चैतनिक वा व्यक्तिहरु अचैतनिक स्वैच्छिक सेवा उपलब्ध गराउने

ङ) विभिन्न शैक्षिक संस्थाहरुबाट इन्टनसीप (OJT) विद्यार्थीहरु

२) अस्पतालको सेवा प्रवाह उपदफा (१) बमोजिमको कर्मचारीबाट गराउन अपुग भएमा अस्पतालको कोषवाट सेवा सुविधा पाउने गरी कार्यपालिकाले नियमानुसार सेवा करारमा थप कर्मचारी नियुक्ति गर्न सक्नेछ ।

३) सेवा करार वा करार सेवामा कार्मचारी नियुक्ति गर्दा खुला प्रतिस्पर्धात्मक पद्दति अनुरुप गाउँपालिकाको विद्यमान कानून वमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

४) अस्पतालमा कार्यरत रहेका उपदफा (२) वमोजिमका कर्मचारीहरुको सेवा शर्त र सुविधा गाउँसभाले निर्धारण गरे बमोजिम हुनेछ ।

५) नियमित बाहेक आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्यकर्मीलाई समितिको सिफारिसमा कार्यपालिकावाट स्वीकृत गरी थप सुविधा उपलव्ध गराउन सक्नेछ ।

६) आधारभूत अस्पतालमा रहने जनशक्तीको दरवन्दी अनुसूची ४ वमोजिम हुनेछ। गाउँ कार्यपालिकाले समितिको सिफारिसमा जनशक्तिको दरवन्दी संशोधन गर्न सक्नेछ ७) कार्यपालिकाले अस्पताललाई आवश्यक पर्ने जनशक्तिको भर्ना र छनौट गरी अस्पताललाई सिफारिस गर्नेछ ।

८) कार्यालय प्रमुखको रुपमा अस्पताल प्रमुखले कार्य गर्नेछ ।

आधारभूत अस्पताल सञ्चालन कार्यविधि,२०८१

९) अस्पतालका प्रमुखसँग प्रशासकीय अधिकृतले र अन्य कर्मचारीसँग अस्पताल प्रमुखले कार्यसम्पादन करार गर्नुपर्नेछ ।

१०) समितिले जनशक्तिको क्षमता अभिवृद्धिको लागि आवश्यकता अनुसार तालिम तथा प्रतिक्षण गराउनेछ ।

११) समितले अस्पताल मार्फत विशेषज्ञ सेवा प्रदान गर्दा जावश्यक जनशक्ति अपुग भएमा कार्यपालिकाको स्विकृतिमा जनशक्ति व्यवस्थापन गर्न सक्नेछ ।

१२) समितिले गाउँपात्तिकासँग समन्वय गरी सरकारी, निजी तथा गैरसरकारी स्वास्थ्य संस्थासँगको साझेदारीमा सेवा करार मार्फत पनि जनशक्ति व्यवस्थापन गर्न सक्नेछ ।

१४. अभ्यासकर्ता सम्बन्धी व्यवस्थाः

अस्पतालमा स्वास्थ्य सेवा प्रवाह नियमित र प्रभावकारी बनाउन थप जनशक्ति आवश्यक भएमा नेपाल सरकारको छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थी तथा न्यूनतम शैक्षिक योग्यता पुगि सम्बन्धित परिषदमा दर्ता भएका साथै अध्ययनरत विद्यार्थीहरुलाई अस्पतालको प्रचलित कानून वमोजिम अभ्यासकर्ताको रुपमा नियमानुसार काममा लगाउन सक्नेछ ।

१५. कर्मचारी तथा स्वास्थ्यकर्मीहरुको सेवा सुविधिः

कर्मचारी तथा स्वास्थ्यकर्मीहरुको सम्पूर्ण सेवा, सुविधा, अतिरिक्त समय, रात्रिकलिन सेवा तथा सट्टा विदा प्रचलित कानून वमोजिम तथा समितिको सिफारिसमा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१६. अस्पताल प्रमुखको काम, कर्तव्य र अधिकारः

१) अस्पताल व्यवस्थापन समितिको अधिनमा रही नेपाल सरकारवाट जारी गरिएका आधारभूत स्वास्थ्य सेवा तथा आवश्यकता अनुसार विशेषज्ञ सेवा प्रवाह गर्न न्यूनतम सेवा मापदण्डलाई कार्यान्वयन गर्ने र अस्पतालको दैनिक सेवा संचालन गर्ने ।

२) आधारभूत अस्पताल सञ्चालनका लागि सरकारी तथा गैरसरकारी संस्थाहरुसँग समन्वय गर्ने ।

३) अस्पतात्त सथात्तनका लागि वार्षिक बजेट, कार्यक्रम तयार गरी कार्यपालिकामा पेश गर्ने ।

४) अस्पतालको गुणस्तर कायम राख, क्षमता अभिवृद्धि गर्न, स्तर उन्नति गर्ने तथा अन्य आवश्यक कार्यहरु गर्न समितिको निर्णयलाई कार्यान्वयन गर्ने ।

५) अस्पतालको प्रमुख भई कामकाज गर्ने ।

६) आवश्यकता अनुसार बैठक बोलाउने ।

७) बैठकको निर्णय प्रमाणित गर्ने र सुरक्षित राखे

१७. औषधि खरिद, भण्डारण तथा वितरणः

१) गाउँपालिकाबाट निःशुल्क वितरण गरिने औषधि तथा अस्पताल फार्मेसीबाट विक्री वितरण गरिने आवश्यक औषधि खरिद गर्न गाउँपालिकाको स्वास्थ्य शाखालाई सिफारिस गर्ने,

२) अस्पतालले वार्षिक रुपमा आवश्यक पर्ने औषधि तथा स्वास्थ्य उपकरणको अनुसान गरी स्वास्थ्य शाखालाई सिफारिस गर्ने,

३) अस्पतालले निःशुल्क उपलब्ध गराउने औषधि नियमित रुपमा उपलब्धताको व्यवस्था गर्नुपर्नेछ,

४) अस्पतालले अस्पतालमा आउने बिरामीको संख्या तथा रोगको आधारमा औषधिको माग तथा आपूर्तिको नियमित सन्तुलनको व्यवस्था मिलाउनु पर्नेछ,

५) औषधि नष्ट हुनबाट बचाउन तथा गुणस्तर कायम गर्न नेपाल सरकारले तोकेको मापदण्ड अनुसार औषधि भण्डारण गर्नुपर्नेछ,

६) औषधि आपूर्ति तथा वितरणलाई पारदर्शी बनाउन अस्पताल प्रमुखले एकजना व्यक्ति तोक्नेछ ।

७) उपदफा (६) बमोजिम तोकिएको व्यक्तिले नियमित जिन्सीस्रेस्ता मिलाउनु पर्ने र दैनिक औषधिको खपतलाई मौजत दैनिक अभिलेख राख्नु पर्ने साथै उपकरणको विवरण दुरुस्त राख्नुपर्नेछ,

८) स्टोर किपरले खर्च भएर जाने र नजाने जिन्सी रजिष्टरको लगत राखी समिति समक्ष त्रैमासिक रुपमा पेश गर्नुपर्नेछ

९) प्रेस्क्रिप्सन अनुसार औषधिको समुचित प्रयोगको लागि सेवाग्राही वा हेरचाह गर्ने व्यक्ति वा औषधि लिन आउने व्यक्तिलाई औषधि दिने व्यक्तिले निम्न बमोजिम जानकारी दिनुपर्नेछ ।

क)औषधिको सेवन विधि र माया

ख) औषधिको सेवन अवधि

ग) औषधिवाट हुनसक्ने प्रति असर

घ) औषधि सेवन अवधिभर अपनाउनु पर्ने सावाधानी

ङ) औषधि सुरक्षित राखे स्थान र विधि

१०) औषधि वितरण गर्दा औषधि बिक्री बितरण सम्बन्धी संहिता र औषधि सम्बन्धी प्रचलित कानूनको पालना गर्नुपर्नेछ ।

११) अस्पतालले आपूर्ति व्यवस्थापन सूचना प्रणालीमा नियमित रुपमा औषधि उपकरणको विवरण पठाउनु पर्नेछ ।

१८. फार्मेसी सञ्चालन गर्नेः

१) निःशुल्क औषधि वितरण तथा अस्पतालमा आवश्यक औषधि बिकि बितरण गर्न अस्पतालले आफ्नै फार्मेसी सञ्चालन गर्नेछ ।

२) फार्मेसीमार्फत विक वितरण गर्ने औषधिको व्यवस्थापन गाउँपालिकाको समन्वयमा अस्पतालले गर्नेछ ।

१९. एम्बुलेन्स सञ्चालनः

१) अस्पतालले आफ्नै स्रोतबाट वा अन्य संघ संस्थाको सहयोग र साझेदारीमा एम्बुलेन्स संचालन गर्न सक्नेछ ।

२) एम्वलेन्स सचालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून र एम्बुलेन्स संचालन कार्यबिधि वमोजिम हुनेछ ।

२०. आकस्मिक स्वास्थ्य सेवा व्यवस्थापनः

१) अस्पतालले २४ सै घण्टा आकस्मिक सेवा प्रदान गर्नुपर्नेछ ।

आधारभूत अस्पताल सञ्चालन कार्यविधि,२०८१

२) अस्पतालमा सम्भव उपचार तत्काल गरी थप उपचार जावश्यक भएमा उपयुक्त स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ ।

३) अस्पतालले प्रदान गर्ने आकस्मिक स्वास्थ्य सेवाको विवरण, सम्वन्धित स्वास्थ्यकर्मीको जिम्मेवारी र कर्तव्य समेत खुल्ने गरी आकस्मिक उपचार कक्षमा सबैले देखे ठाउँमा राखुपर्नेछ ।

४) अस्पतालले प्रदान गरेको सेवामध्ये आधारभूत स्वास्थ्य सेवाभित्र पर्ने आकस्मिक उपचार निःशुल्क उपलब्ध गराउनुपर्नेछ र आधारभूत सेवा बाहेकका आकस्मिक उपचारको खर्चको व्यवस्थापन स्वास्थ्य वीमा भएका हकमा सोही चीनाबाट र बीमा नभएको बा चीमा रकम नपुगेको अवस्थामा सम्बन्धित व्यक्ति, निजको अभिभावक, परिवारका सदस्य, संरक्षक वा संरक्षकत्व गरिरहेको व्यक्तिले व्यहोर्नु पर्नेछ ।

५) अस्पतालमा कसैलाई पनि आकस्मिक उपचार सेवाबाट बधित गरिने छैन । अति विपन्न, बेवारिसे, तत्काल संरक्षक र अभिभावक नभएका सेवाग्राहीलाई गाउँपालिकाको आकस्मिक उपचार कोषबाट वा अन्य शीर्षकबाट खर्च व्यहोर्ने गरी आकस्मिक सेवा उपलब्ध गराउनु पर्नेछ ।

२१. सेवा व्यवस्थापनः

१) अस्पतालमा प्रशासनिक कार्यालय, ओ.पि.डि., प्रयोगशाला, कार्डहरु , इमेजिङ कक्ष, शल्यकृया कक्ष, आकस्मिक कज, फार्मेसी, क्यान्टिन, सोधपुछ दर्ता कक्ष, प्रतिक्षालय लगायत प्रचलित मापदण्ड बमोजिम गुणस्तरीय सेवा प्रदान गर्नका लागि आवश्यक न्यूनतम भौतिक पूर्वाधार, उपकरण तथा जनशक्तिको व्यवस्थापन हुनेछ ।

२) अस्पतालले चहिरंग विभागमा आउने विरामीको चापका आधारमा विरामी दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरु र औषधि कक्षमा छिटोछरितो सेवा दिने व्यवस्था मिलाउने छ ।

३) अस्पतालले बहिरंग सेवा प्रदान गर्ने विशेषज्ञ चिकित्सक वा अन्य चिकित्सकहरु उपलब्ध हुने समय तालिका (दिन, बार र समय) खुल्नेगरी सबैले देखे ठाउँमा राखु पर्नेछ ।

४) अस्पतालले उपलब्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्बन्धित विशेषज्ञ चिकित्सकवार्ट प्रदान गर्ने व्यवस्था मिलाउनेछ ।

५) बिरामीले आफुले सेवा लिन चाहेको विषयको चिकित्सकबाट सेवा लिन पाउने व्यवस्था सुनिश्चित गर्नेछ ।

६) अस्पतालले चौबिसै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मीबाट आकस्मिक सेवा दिने व्यवस्था मिलाउने छ ।

७) बिरामी वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धतिवारे स्पष्ट जानकारी दिने व्यवस्था हुनेछ ।

८) अस्पतालमा विश्व स्वास्थ्य संगठनले निर्धारण गरेका मापदण्ड वमोजिम संक्रमण रोकथाम र नियन्त्रणको व्यवस्था हुनेछ र सोको नियमित र प्रभावकारी अनुगमनको व्यवस्था हुनेछ ।

९) सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको सुरक्षाको लागि विभिन्न सरुवा रोग आध विरुद्धको व्यक्तिगत सरक्षा व्यवस्था हुनेछ ।

१०) उस्पतालले नेपाल सरकारबाट संचालित सेवा वा कार्यकम संचालन गर्दा नेपाल सरकारले तोकेको प्रोटोकल, मापदण्ड, निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनेछ ।

११) अस्पताल हाताभित्र सेवाग्राही तथा सेवा प्रदायकका लागि शैचालय र हात धुने ठाउँको व्यवस्था हुनेछ। शौचालय र हात धुने ठाउँमा नियमित रुपमा पानी र साबुन उपलब्ध हुनेछ ।

१२) अस्पतालबाट निष्कासन हुने सामान्य तथा स्वास्थ्यजन्य फोहोरमैला प्रकृति अनुसार स्रोतमै अलग अलग छुटपाउने, संकलन, डुवानी तथा उचित विसर्जन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

१३) अस्पतात्त परिसर तथा सेवा दिने कक्षाहरु, नियमित रुपमा सफासुग्घर राख्नुपर्नेछ ।

१४) अस्पतालमा प्रयोग हुने एप्रोन, पन्जा, टोपी, जुत्ता, तन्ना, तकिया, खोल, रुमाल जस्ता जुगा कपड़ा धुनका लागि राष्ट्रीको व्यवस्था हुनेछ ।

१५) अस्पताल हाताभित्र खाना पकाउने र खानाखाने अलग अलग ठाउँसहितको सफा र सुविधायुक्ता क्यान्टिनको व्यवस्था हुनेछ।

१६) अस्पतालमा विरामी र अन्य व्यक्तिहरुका लागि चौवीसै घण्टा विद्य स्वास्थ्य संगठनले तोके अनुरुपको शुद्ध पानी आपूर्ति हुनेछ ।

१७) अस्पताल क्षेत्रभित्र र सबै विभागहरुमा चौबीसै घण्टा विद्युत आपूर्ति र अटोमेटिक प्याकअप सिस्टमको व्यवस्था मिलाइएको हुनुपर्नेछ ।

१८) अस्पतालमा उपचारका लागि आउने विपन्न असहाय, बेवारिसे बिरामीका लागि कुत्त शैयाको १० प्रतिशत निःशुल्क उपचार अनिवार्य रुपमा उपलब्ध हुनेछ । थप निःशुल्क उपचार समितिको निर्णय अनुसार हुनेछ ।

१९) उपदफा (१८) वमोजिम उपलब्ध गराएको उपचार सेवाको अभिलेख राखी गाउँ कार्यपालिकामा सोको प्रतिवेदन नियमित रुपमा उपलब्ध गराउने व्यवस्था हुनेछ ।

२०) अस्पतालले प्रयोग गर्ने उपकरण तथा औजारहरु समयमा नै मर्मतको व्यवस्था हुनुपर्नेछ। साथै ठुला र गम्भीर प्रकृतिका औजार उपकरणहरु कम्पनीले निर्दिष्ट गरेको मर्मत अवधि अनुसार मर्मतसम्भार कार्ययोजना बनाइ सोही अनुसार मर्मत गरेको हुनेछ ।

२१) अस्पतालको भवन, सवारी साधन, मेसिनरी औजार, यन्त्र, उपकरण, विद्युतीय उपकरण र अन्य विद्युतीय उपकरणको नियमित मर्मत सम्भार गर्ने व्यवस्था हुनेछ ।

२२) अस्पतालको वर्ड तथा अन्य उपचार दिने स्थानमा आवश्यकता अनुसार कुरुवा कक्षको व्यवस्था हुनेछ ।

२३) आपात्कालीन व्यवस्थामा प्रयोग हुने सामग्रीहरुको अलग्गै भण्डारण कक्ष हुनुपर्नेछ। यस्तो भण्डारणमा कम्तिमा एकमहिनाको लागि अत्यावश्यक सामग्री स्टक राखे व्यवस्था हुनेछ ।

२४) अस्पतालमा सुरक्षा व्यवस्थाका लागि सुरक्षागार्डको व्यवस्था भएको हुनेछ ।

२५) अस्पतालमा विभिन्न शाखा तथा इकाईबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरु गणस्तीय रुपमा सचालन गर्न समितिले छुट्टै कार्य संचालन निर्देशिका तयार गरी लागू गर्नेछ।

आधारभूत अस्पताल सञ्चालन कार्यविधि, २०८१

२६) अस्पतालको सेवा तथा भौतिक संरचना जेष्ठ नागरिक, बालचातिका र अपाङ्गतामैत्री हुनुपर्नेछ। साथै अस्पतालमा हीलचेयर, ट्रली, स्टेचर राख्नुपर्नेछ र त्यस्ता सामग्रीहरु सेवाग्राहीले सहज रुपमा देखे ठाउँमा राखे व्यवस्था गर्नुपर्नेछ ।

२७) स्वास्थ्य सेवा सवालन र पूर्वाधार सम्वन्धी अन्य व्यवस्था प्रचलित कानून, मापदण्ड र प्रोटोकल बमोजिम गर्नुपर्नेछ ।

अनुसूची- ५

सूचना, अभिलेखीकरण ,गुनासो व्यवस्थापन

२२. अस्पताल सूचना प्रणालीः

१) अस्पतालबाट प्रदान गरिएका सेवा सम्वन्धी सम्पूर्ण तथ्यङ्कहरु नियमानुसार अभिलेख व्यवस्थापन गर्नुपर्नेछ ।

२) अस्पतालले स्वास्थ्य सेवा सम्बन्धी सूचना गाउँपालिका, प्रदेश तथा संघको सम्बन्धित निकायमा आवश्यकता अनुसार उपलब्ध गराउनु पर्नेछ ।

३) अस्पतालवाट प्रदान भएका सेवा सुविधाहरुको अभिलेखीकरण तथा प्रतिवेदन स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अनुसार हुनेछ ।

४) विरामीले स्वास्थ्य संस्थावाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रक्रिया तवा अवधि समेत खुलाएको अनुसूची १ बमोजिमको नागरिक बडापत्र अस्पतालको अग्रभागमा देखिने गरी राखु पर्नेछ र सोही अनुरुप सेवाहरु सुनिश्चितता गर्नुपर्नेछ ।

५) एम्बुलेन्स र प्रहरी जस्ता सेवा लगायतको आकस्मिक सेवाका टेलिफोन नम्बरहरु स्पष्ट रुपमा देखिने गरी राखुपर्नेछ ।

६) अस्पताल आउने विरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गरेको हुनुपर्नेछ ।

७) अस्पताल भित्र प्रभावकारी सूचना सम्प्रषणका लागि आन्तरिक टेलिफोनको व्यवस्था साथै आवश्यक आधुनिक संयन्त्रको समुचित व्यवस्था गर्नुपर्नेछ।

८) अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाका बारेमा समय समयमा अस्पतात्तते जनचेतनामूलक अभियान संचालन गरी जनसमुदायलाई जानकारी गराउने छ।

(९) अस्पताले स्वास्थ्य सम्वन्धी तथ्याङ्क नेपाल सरकारले निर्धारण गरे बोजिम नियमित रुपमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीले तोके बमोजिम प्रेषण तथा डि.एच. आई.एस. टुभा प्रविष्ट गर्नुपर्नेछ ।

१०) अस्पताल वा स्वास्थ्यकर्मीले संकलन गरेका स्वास्थ्य सम्बन्धी व्यक्तिगत सूचना, कागजात, जानकारी, तथ्याङ्क तथा अभिलेखको गोपनीयताको सुनिश्चितता गर्नु अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीको कर्तव्य हुनेछ ।

आधारभूत अस्पताल सञ्चालन कार्यविधि, २०८१

२३. गुनासो व्यवस्थापनः

१) अस्पतालले सबैले देखे ठाउँमा सुझाब तथा उजुरी पेटीका राखे र प्रत्येक हप्ता रुपमा खोल्ने व्यवस्था मिलाउनु पर्नेछ ।

२) अस्पतालले स्वास्थ्य सेवासम्बन्धी गुनासो, उजुरी र सम्बोधनको लागी छुट्टै एक अधिकारी तोक्नेछ ।

२४. प्रेषण सम्बन्धी व्यवस्थाः

१) उपचारको लागि आएको विरामीलाई उपयुक्त कारणले प्रदान गर्न नसकिने अवस्था भएमा अस्पतालले उपलब्ध भएको सेवा प्रदान गरी चप उपचारका लागि तुरुन्त त्यस्तो विरामीलाई स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ। तर, अस्पतालमा उक्त सेवा माथिल्लो जनशक्ति र उपचार हुनसक्ने अवस्था हुँदाहुँदै प्रेषण गर्न पाइने छैन ।

२) अस्पतालले प्रेषण गर्ने संस्थाहरुको पूर्व पहिचान गरी सी को अद्यावधिक सूची राख्नुपर्दछ र प्रेषण गर्दा तत्काल सेवाको सुनिवितता गरेर मात्र पठाउनु पर्नेछ ।

३) उपदफा (२) बमोजिम प्रेषण गर्दा विरामीको विवरण प्रेषण भएर जाने अस्पतालमा पहिले नै पठाउने व्यवस्था गर्नुपर्नेछ ।

४) बिरामीलाई अन्य स्वास्थ्य संस्थामा प्रेषण गर्दा अस्पतालसे पृष्ठपोषण उल्लेख गरी निर्दिष्ट प्रेषण पुर्जा सहित प्रेषण गरी विवरण अद्यावधिक गरी राखपर्नेछ ।

५) प्रेषण गर्दा अस्पतालले प्रेषण मापदण्ड चमोजिमका न्यूनतम उपकरण र सेवा उपलब्ध गराउनु पर्नेछ ।

६)यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सेवाग्राहीको इच्छा बमोजिम निजलाई पायक पर्ने वा चाहेको स्वास्थ्य संस्थामा प्रेषण गर्न बाधा पुग्नेछैन ।

७) प्रेषण गर्दा गर्भवती महिला, गम्भीर अवस्थाका विरामी र विपन्न नागरिकलाई अस्पतालले एम्बुलेन्स सेवामा सहुलियत प्रदान गर्न सक्नेछ ।

८) प्रेषण सेवामा लाग्ने एम्बुलेन्स वा यातायात खर्च सम्बन्धी व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

९) प्रेषण भएका विरामीको स्वास्थ्य अवस्था हेरी अस्पतालले उपचारमा प्राथमिकीकरण गर्न सक्नेछ।

१०) अस्पतालमा प्रेषण भई आएका बिरामी डिस्चार्ज गर्दा प्रेषण फिर्ती पूर्वी सहित डिस्चार्ज गरी सोको विवरण अद्यावधिक रुपमा राखुपर्नेछ ।

११) उपदफा (१०) बमोजिम डिस्चार्ज गर्दा बिरामीलाई देहायका विवरणहरु उल्लेख गरी अनुसूची २ बमोजिमको डिस्चार्ज सारांश दिनुपर्नेछ ।

परिच्छेद-६
विविध

२५. अस्पतालको छापः अस्पतालको सम्पूर्ण कामकारबाहीको निमित्त एउटा छुट्टै छाप हुनेछ। छापको नमुना र आकार अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ ।

२६. अस्पतालको संगठन संरचनाः अस्पतालको आफ्नै संगठन संरचना हुनेछ । संगठन संरचना प्रचलित कानून बमोजिम गाउँपालिकाले निर्धारण गर्नेछ ।

२७. साझेदारी गर्न सक्नेः अस्पतालले अस्पतालको सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन अस्पतालको स्तरोन्नती, सरसफाई तथा फोहोर व्यवस्थापन, क्यान्टिन, सुरक्षा व्यवस्था, सन्डी, एम्बुलेन्स तथा शव वाहन सेवा लगायका व्यवस्थापन गर्न र विशेषज्ञ सेवा संचालन गर्न गाउँपालिकासँग समन्वय गरी आवश्यकता अनुसार प्रचलित कानून बमोजिम सामुदायिक, सरकारी, निजी तथा गैरसरकारी निकाय वा संस्थासंग सम्झौता वा साझेदारीमा गर्न सक्नेछ ।

२८. वार्षिक प्रतिवेदन पेश गर्नेः समितिले वर्षभरीको काम कारवाहीको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र गाउँपालिका समक्ष पेश गर्नुपर्नेछ ।

२९. निर्देशन पालना गर्नुपर्नेः कार्यपात्तिकाले दिएका निर्देशनहरुको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

३०. थप दायित्व सृजना गर्न नहुनेः कार्यपालिकाको स्वीकृति बिना समितिले गाउँपालिकालाई थप आर्थिक भर पर्ने गरी दायित्व सृजना गर्नु हुन्दैन ।

३१.अधिकार प्रत्यायोजन गर्न सक्नेः समितिले आफुलाई प्राप्त अधिकारहरु मध्ये आवश्यक्ता अनुसार केही अधिकार अध्यक्ष,उपाध्यक्ष र सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्ने ।

३२. कार्यविधिको पालना गर्नुपर्नेः यस कार्यविधिको पालना गर्नु सेवाग्राही, नागरिक, समिति र अस्पतालको दायित्व हुनेछ ।

३३. व्याख्या गर्ने अधिकारः यस कार्यविधिमा उल्लिखित कुनै प्राबधानको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयनमा बाधा आई परेमा गाउँ कार्यपालिकाले सोको व्याख्या गर्नेछ ।

३४. प्रचलित कानून बमोजिम हुनेः यस कार्यविधिमा उल्लेख भएका विषयहरु यसै बमोजिम र यसमा उल्लेख नभएका विषयहरु प्रचलित कानून जमोजिम हुनेछ ।

३५. संशोधनः यस कार्यविधिमा उल्लेख भएका विषयहरुको संशोधन गर्नु परेमा गाउँ कार्यपालिकाबाट आवश्यक संशोधन गर्न सकिनेछ ।

आधारभूत अस्पताल सञ्चालन कार्यविधि, २०८१

अनुसूची-१

दफा २१ को उपदफा ४ सँग सम्बन्धित

अस्पतालबाट प्रदान गरिने सेवाको नागरिक बडापत्रको ढाँचा

सि.नं.	शाखा/वार्ड	प्रदान गरिने सेवाको विवरण	सम्बन्धित सम्पर्क व्यक्ति	प्रक्रिया	लाग्ने समय	लाग्ने शुल्क	गुनासो सुन्ने अधिकारी

आधारभूत अस्पताल सञ्चालन कार्यविधि, २०८१

अनुसूची- २

दफा २५ बमोजिम

अस्पतालको छाप

अनुसूची- ३
दफा १३ को उपदफा ६ बमोजिम
आधारभूत अस्पतालमा रहने जनशक्ती/कर्मचारी दरबन्दि विवरण

क.सं.	पद	श्रेणी/तह	सेवा	समूह	दरबन्दी संख्या	कैफियत
१	मेडिकल अधिकृत	८	स्वास्थ्य	ज.हे.स.	१	सङघिय मन्त्रालयबाट प्रस्तावित
२	स्टाफ नर्स	५/६/७	स्वास्थ्य	जनरल नर्सिङ	४	सङघिय मन्त्रालयबाट प्रस्तावित
३	हेल्थ असिस्टेन्ट	५/६/७	स्वास्थ्य	हेल्थ इ इन्वापेक्सन	२	प्रस्तावित
४	ल्याव टेक्निसियन	५/६/७	स्वास्थ्य	मेडीकल टेक्नोलोजी	१	प्रस्तावित
५	ल्याव असिस्टेन्ट	४/५/६	स्वास्थ्य	मेडीकल टेक्नोलोजी	१	थप
६	रेडियोग्राफर	५/६/७	स्वास्थ्य	रेडियोग्राफी	१	प्रस्तावित
७	फार्मेसी सहायक	५/६/७	स्वास्थ्य	फार्मेसी	१	प्रस्तावित
८	डेन्टल हाईजिनिस्ट	४/५/६	स्वास्थ्य	डेन्टिस्ट्री	१	प्रस्तावित
९	नायब सुब्बा	रा.प.अनं.प्रथम	प्रशासन	सामान्य प्रशासन	१	प्रस्तावित
१०	फार्मेसी सहायक	५/६/७	स्वास्थ्य	फार्मेसी	१	प्रस्तावित
११	सरसफाई	श्रेणी विहिन	प्रशासन	सामान्य	१	प्रस्तावित

आधारभूत अस्पताल सञ्चालन कार्यविधि २०८१

	कर्मी			प्रशासन		
१२	कार्यालय सहयोगी	बेणी विहिन	प्रशासन	सामान्य प्रशासन	३	प्रस्तावित
१३	पाले	बेणी विहिन	प्रशासन	सामान्य प्रशासन	१	थप

आधारभूत अस्पताल सञ्चालन कार्यविधि,२०८१

अनुसूची-२

दफा २४ को उपदफा ११ संग सम्बन्धित

डिस्चार्ज सारांश ढाँचा

...........................अस्पताल

डिस्चार्ज

<table>
<tr><td colspan="5">बिरामीको नामः</td><td>उमेरः</td></tr>
<tr><td colspan="5">बिरामीको ठेगानाः</td><td>सम्पर्क नं</td></tr>
<tr><td colspan="5">अस्पताल वार्डः</td><td>युनिट</td></tr>
<tr><td colspan="5">बिरामीको परिचाय पत्र</td><td>मितिः</td></tr>
<tr><td colspan="6">समस्याहरुः————————————</td></tr>
<tr><td colspan="6">परिक्षण विवरण————————————..</td></tr>
<tr><td colspan="6">उपचारको क्रममा भेटिएको तथ्य उपचार प्रक्रिया र पद्ती स्वास्थ्य संस्थामा रहेको अवधिः
भर्ना भएको मिति र समय</td></tr>
<tr><td>उपचार सम्बन्धी विवरणः</td><td></td><td></td><td></td><td></td><td>सिफारिस औषधीको नाम,मात्र र अवधि</td></tr>
<tr><td colspan="6">डिस्चार्ज हुँदा स्वास्थ्य अवस्था,सो समयमा दिएको निर्देशनः</td></tr>
<tr><td colspan="6">पुनःअस्पताल आउने folloe up सम्बन्धी विवरणः
यस उपचारको क्रममा पुन अस्पताल आउनु पर्ने वा नपर्ने आउनु पर्ने मितिः</td></tr>
<tr><td colspan="6">अन्य आवश्यक कुराहरुः
————————————..</td></tr>
<tr><td colspan="6">...
संस्था प्रमुख हस्ताक्षर</td></tr>
</table>

आधारभूत अस्पताल सञ्चालन कार्यविधि, २०८१